बोर्ड र समिति सदस्यहरू सम्मानित

हिमालय टाइम्स

काठमाडौं, २१ साउन

नेपाल चलचित्र कलाकार संघले हालै नियुक्त भएका चलचित्र विकास बोर्डका सदस्य तथा केन्द्रीय चलचित्र जाँचपास समितिका सदस्यहरूलाई बधाई तथा सम्मान प्रदान गरेको छ । मंगलबार काठमाडौंमा एक कार्यक्रमबीच संघले बधाई तथा सम्मान प्रदान गरेको हो । समारोहमा चलचित्र विकास बोर्डका सदस्य सन्तोषबाबु लोहनी, वीरेन्द्रप्रसाद भट्ट, गणेश सुवेदी तथा जाँचपास समितिका सदस्य सम्पन्न श्रेष्ठ, कुबेरराज गिरी र भीमा मैनालीलाई सम्मान गरिएको हो ।

सोही कार्यक्रममा संघको २०औं साधारणसभाको उपलक्ष्यमा प्रदान गरिने 'कलाकार सम्मान' पनि वितरण गरिएको थियो, जसअन्तर्गत अभिनेत्री गीता अधिकारीलाई सम्मानित गरिएको थियो । कार्यक्रममा चलचित्र कलाकार संघका अध्यक्ष मोहन निरौलाले चलचित्र विकास बोर्ड तथा समितिमा नियुक्त पदाधिकारीहरूलाई बधाई तथा सम्मान गर्ने परम्परालाई संघले निरन्तरता दिँदै आएको उल्लेख गर्नुभयो । अध्यक्ष निरौलाले चलचित्र विकास बोर्डले विसं २०२६ को ऐन विस्थापन गरी नयाँ ऐन लागू गर्ने प्रक्रियामा अगाडि बढेकोमा शुभकामना तथा धन्यवादसमेत व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा संघका सल्लाहकार तथा चलचित्र विकास बोर्डका पूर्वअध्यक्ष राजकुमार राईले बोर्डको हालको नेतृत्व सराहनीय भए पनि अझै चलचित्रकर्मीहरू र चलचित्र उद्योगको हितमा थप काम गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो । सम्मानित प्रतिनिधिहरूको तर्फबाट चलचित्र विकास बोर्डका सदस्य सन्तोषबाबु लोहनी र जाँचपास समितिका सदस्य सम्पन्न श्रेष्ठले मन्तव्य व्यक्त गर्नुभएको थियो।

कार्यक्रममा संघका निवर्तमान अध्यक्ष रविन्द्र खड्का, वरिष्ठ उपाध्यक्ष शिवहरि नेपाल, महासचिव सविन श्रेष्ठ, प्राविधिक संघका अध्यक्ष पुस्कर लामा, द्वन्द्व कलाकार संघका अध्यक्ष नारायण प्रधान, चलचित्र पत्रकार संघका महासचिव रघुनाथ सापकोटा, चलचित्र निर्देशक समाजका उपाध्यक्ष सुभाष गजुरेल, निर्देशक माधवराज खरेललगायत विभिन्न संघसंस्थाका प्रतिनिधिहरूको उपस्थिति थियो । संघका सदस्य गोपाल ढकालले कार्यक्रमको सहजीकरण गर्नुभएको उक्त कार्यक्रम संघका अध्यक्ष मोहन निरौलाको अध्यक्षतामा सम्पन्न भएको थियो ।

'जुनियर सिगिंङ स्टार'को उपाधि सुप्रियालाई

हिमालय टाइम्स

काठमाडौं, २१ साउन

पनौती नगरपालिका-१२, भूमिडाँडाकी १३ वर्षीया सुप्रिया तामाङले 'जुनियर सिगिंङ स्टार'को उपाधि जित्नुभएको छ । १६ वर्षमुनिका प्रतिभाशाली बालगायक-गायिकाका लागि आर्य मिडिया हाउसले आयोजना गरेको गायन प्रतियोगिताको सुप्रियाले उक्त उपधि जित्न सफल हनुभएको हो ।

अरुणोदय इंग्लिस आवासीय माध्यमिक विद्यालयमा अध्ययनरत सुप्रिया प्रतियोगिताको उत्कृष्ट ६ फाइनलिष्टमा पर्न सफल हुनुभएको थियो । फाइनल चरणमा उहाँले प्रस्तुत गरेको आत्मीय आवाज र प्रभावशाली प्रस्तुति निर्णायक सारु गौतमलगायत दर्शकलाई प्रभावित पार्दै उपाधि सुनिश्चित गर्नुभयो ।

उपाधिसँगै सुप्रियाले दुईवटा व्यावसायिक म्युजिक भिडियो र पाँचवटा गीत रेकर्डिङ अवसर प्राप्त गर्नुभएको छ । यसको अनुमानित उत्पादन मूल्य करिब पाँच लाख रुपैयाँ रहेको आयोजकले जनाएका छन् । सुप्रियाको यो सफलता संगीत यात्राको लागि महत्त्वपूर्ण पाइला भएको उहाँको परिवार तथा विद्यालयले जनाएका छन् ।

डरलाग्दा लुक्सदेखि सम्भ्रान्त व्यक्तित्वसम्म: 'बलिदान'ले सार्वजनिक गऱ्यो चार पात्रको पोष्टर

हिमालय टाइम्स

काठमाडौं, २१ साउन

यसपालिको बडा दशैंको फूलपाती अर्थात् असोज १३ गतेदेखि सिनेमाघरमा आउन लागेको निर्देशक सन्तोष सेनको चलचित्र 'बलिदान' ले प्रचारप्रसारलाई तीव्र बनाउँदै चार प्रमुख पात्रको क्यारेक्टर पोष्टर सार्वजनिक गरेको छ । बुधबार सार्वजनिक पोष्टरमा अभिनेता अर्पण थापा, अभिनेत्री ऋचा शर्मा, अभिनेता हेमन्त बुढाथोकी र निर्देशक स्वयं सन्तोष सेन आ-आफ्नो चरित्र लुक्समा देखिनुभएको छ ।

पोष्टर अनुसार ऋचा शर्मा पछ्यौरा ओढेर रिसाएको मुद्रामा देखिनुभएको छ । सेनको पात्र भने डरलाग्दो रूपमा प्रस्तुत गरिएको छ । उहाँले टाउकोमा मानव कंकाल (खोपडी) बाँध्नुभएको छ भने नाकमा बुलाकी जस्तो गहना र निधारमा कालो टीका देखिन्छ । उहाँका आँखामा तीव्र रिस र आक्रोशको झल्को देखिन्छ, जसले उहाँको चरित्र चलचित्रमा प्रभावशाली हुने संकेत गर्छ ।

अर्पण थापा शान्त मुद्रामा प्रस्तुत हुनुहुन्छ । चश्मा र सम्भ्रान्त शैलीको पहिरनमा देखिनुभएका उहाँ गम्भीर देखिनुहुन्छ । हेमन्त बुढाथोकीको लुक्सले दक्षिण भारतीय चलचित्र 'बाहुबली'का कटप्पा पात्रको सम्झना दिलाउँछ । लामो दाह्रीमा प्रस्तुत हेमन्त भयभीत मुद्रामा देखिनुभएको छ ।

चारवटै पोष्टरको पृष्ठभूमिमा आगलागीबाट निम्तिएको विनाशको दृश्य समेटिएको छ, जसले चलचित्रमको गम्भीर र द्वन्द्वात्मक भावलाई झल्काउँछ । निर्देशक सेनका अनुसार, टिजर सार्वजनिक हुनुपूर्व कथामा विशेष प्रभाव पार्ने चार पात्रलाई दर्शकसामु प्रस्तुत गरिएको हो । 'यी तस्वीरहरू केवल पोष्टर होइनन्, यी पात्रहरू ती आवाज हुन्, जो हाम्रो समाजका कुनाकाप्चामा लुकेका छन्', सेनले भन्नुभएको छ । यसअघि चलचित्रका कलाकार सौगात मल्ल, समीर भट्ट र कविता रायको क्यारेक्टर पोष्टर सार्वजनिक गरिएको थियो । '१२ गाउँ' सफलतापछि समीर भट्टले अभिनय गरेको यो दोस्रो चलचित्र हो । 'प्रेमगीत' निर्माता कम्पनी आसुसेन फिल्मस्को ब्यानरमा बनेको चलचित्रका निर्माता पवन ब्राडफोर्ड विष्ट हुन् भने कार्यकारी निर्माता प्रेम पुरी रहनुभएको छ ।

'कोशेढुंगा'को 'भंगेरा भगेरी'बाट प्रेम बोल्दै, सिनेमा ४२ मुलुकमा पुग्दै

हिमालय टाइम्स

काठमाडौं, २१ साउन

चलचित्र 'कोशेढुंगा'को नयाँ गीत 'भंगेरा भगेरी' सार्वजनिक गरिएको छ । तीज लक्षित डान्सिङ गीतपछि निर्माण टिमले सोमबार प्रेमिल भावको यो गीत सार्वजनिक गरेको हो । गीतमा प्रेममा रहेका युवायुवतीबीचको संवादमार्फत प्रेम र भविष्यबीचको द्वन्द्वलाई प्रस्तुत गरिएको छ । प्रेमीले प्रेमिकालाई विवाहपछिको जीवन सुखद् बनाउन आम्दानीको स्रोतबारे प्रश्न गर्छन् भने, प्रेमिकाले सरकारी जागिरप्रति

चासो देखाउँदै तलब कति हो भनी सोध्छिन् ।

'भंगेरा र भंगेरी'को प्रेमलाई बिम्ब बनाएर तयार गरिएको गीतमा मायालु जोडीको रमाइलो जिस्काई र यथार्थबोध झल्किन्छ । गीतमा स्वर रिदम कँडेल र बेनिशा पौडेलको छ भने संगीत रिदम कँडेलले दिनुभएको छ । शब्द-रचना विदुर तिमल्सिना 'देवदूत'को हो । गीतको भिडियोमा अभिनेत्री सुरक्षा पन्त र अभिनेता मञ्जिल कुमारको नृत्य देख्न सकिन्छ । यसअघि सार्वजनिक भएको 'नत्र भने जिन्दगी व्यर्थ छ' गीत टिकटकमा लोकप्रिय बनेको थियो ।

सरोज पौडेलको निर्देशनमा बनेको चलचित्र 'कोशेढुंगा' आगामी भदौ १२ गतेदेखि सिनेमाघरमा आउने तयारीमा छ । 'पूर्ण बहादुरको सारंगी' निर्देशन गरेर चर्चा कमाएका पौडेलकै निर्देशन भएकाले यो चलचित्रलाई प्रतीक्षित सिनेमा मानिएको छ ।

नरदेवी फिल्मस्को प्रस्तुति र सारंगी फिल्मस्को सहकार्यमा बनेको चलचित्रमा सुरक्षा पन्त, आर्यन सिक्देल, ऋचा शर्मा, मञ्जिल कुमार, नीति शाह, प्रवीण खतिवडा, सरोज खनाल, विशाल पहाडी, हिउवाला गौतम, दिनेश काफ्ले, लोकमणि सापकोटालगायत कलाकारको अभिनय छ ।

चलचित्रका निर्माता प्रेविल कँडेल र किशोर अनुराग हुनुहुन्छ भने कार्यकारी निर्मातामा दिनेश खड्का हुनुहुन्छ । बाबु श्रेष्ठको छायांकन, नहकुल खड्काको सम्पादन र आशिष अविरल तथा रिदम कँडेलको संगीत रहेको चलचित्रको काष्टिङ डिरेक्टर सुवलमणि सापकोटा हुनुहुन्छ ।

'कोशेढुंगा' नेपालसहित ४२ भन्दा बढी देशमा एकसाथ प्रदर्शनमा ल्याइने निर्माण टिमले जनाएको छ । सेभेन सिज इन्टरनेसनलमार्फत प्याट्रिक सुवेदी र रमेश ढकालले चलचित्रलाई अन्तर्राष्ट्रिय बजारमा वितरण गर्नेछन् । नेपाली चलचित्र इतिहासमै पहिलोपटक यति धेरै देशमा एकसाथ रिलिज हुन लागेको 'कोशेढुंगा'ले नेपाली सिनेमालाई अन्तर्राष्ट्रियस्तरमा नयाँ उचाइ दिने निर्माण पक्षको अपेक्षा छ ।

कतारमा रोजगार CLARK TRADING AND CONTRACTING COMPANY, DOHA, QATAR
पुर्व स्विकृति मिति: 2025/08/06 चलानी नं. ६०४९२४०७ LT No. 32831

सि. नं.	कामदारको पद	मात्र संख्या पुरुष	कामदारको न्यूनतम योग्यता	मासिक तलब QR	मासिक तलब N. Rs.	ओभर टाईम सुविधा	प्रतिदिन कामगर्ने घण्टा	हप्तामा कामगर्ने दिन	बार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधी
1	Carpenter	14	कामका दक्ष	1100	42444	कम्पनी नियम अनुसार	८ घण्टा	६ दिन	कम्पनी नियम अनुसार	छ	छ	२ वर्ष
2	Labour	30		1000	38585							
3	Building Worker	14		1100	42444							
4	Mason	53		1100	42444							

स्वदेशमा भरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने	रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने	स्वदेशमा भरिने भिसा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा भिसा हुने/नहुने र कसले व्यहोर्ने दिने र कति लाग्ने	भिसा शुल्क कसले दिने र कति लाग्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिसा एटामिङ शुल्क कसले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धि व्यवस्था
कामदार आफै	दिने	कामदार आफै	हुने/रोजगारदाता कम्पनीले	निःशुल्क	रोजगारदाता कम्पनीले	रु. ७००/- कामदार आफैले	कामदार आफैले	रु.५०० कामदार आफैले

अन्तरवार्ता: मेनपावर कार्यालय, काठमाडौंमा: २०८२ साउन २१ गते (14 August 2025) हुनेछ ।
वैदेशिक रोजगार विभागबाट मराइएको जानकारी: १. आफ्नो नामका लिंसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनुहोला । बुझाएको रकमको भपाई अनिवार्य रुपमा लिनुहोला । २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू सम्झना राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुनुका । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा उण्डरस्टन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफ्नुसँग राख्नुहोला । ६. कामका विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही कुरानुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला । लागत खर्च: ०
TOP CHOICE MANPOWER PVT. LTD.
Pingalsthan-8, Gaushala, Ktm., Lic No.: 1575/079/080 Ph: 01-5913024

धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८२ साल साउन महिना २२ गते बिहीबार)

यस विकास बैंकको शाखा कार्यालय सितापाईलाबाट तपशिलमा उल्लेखित ऋणीले साना उद्यम कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरिएको छ। उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले १६ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले १५ औ दिनको कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

तपशिल

ऋणीको विवरण
केशर बहादुर पुलामी मगरको छोरी दल बहादुर राना मगरको बुहारी रत्न सिंह राना मगरको पत्नी मकवानपुर जिल्ला भिमफेदी वडा नं. १ हाल, काठमाडौं जिल्ला कीर्तिपुर न.पा. वडा नं. ६ बस्ने **पार्वती पुलामी मगर** (ना.प्र.नं. : १२१३ जारी मिति र जिल्ला : २०५२/०५/०५, मकवानपुर)
व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण
१. सन्तबिर राना मगरको नाति दल बहादुर राना मगरको छोरा दैलेख जिल्ला तोली वडा नं. ७ हाल, काठमाडौं जिल्ला कीर्तिपुर न.पा. वडा नं. ६ बस्ने **रत्न सिंह राना मगर** (ना.प्र.नं. : ७१३ जारी मिति र जिल्ला : २०४८/१२/०४, दैलेख)
२. दिर्घ बहादुर पुलामी मगरको नाति केशर बहादुर पुलामी मगरको छोरा मकवानपुर जिल्ला भिमफेदी गा.वि.स. वडा नं. १ हाल, काठमाडौं जिल्ला कीर्तिपुर न.पा. वडा नं. ६ बस्ने **विनोद पुलामी मगर** (ना.प्र.नं. : ५२/५७३ जारी मिति र जिल्ला : २०५७/०४/०८, मकवानपुर)
३. भिम बहादुर तामाङको छोरी चन्द्र बहादुर तामाङको बुहारी राज कुमार तामाङको पत्नी धादिङ जिल्ला धुनीवेशी न.पा. वडा नं. ७ हाल, काठमाडौं जिल्ला कीर्तिपुर न.पा. वडा नं. ६ बस्ने **जय कुमारी तामाङ** (ना.प्र.नं. : २६-०१-७४-०८७५३ जारी मिति र जिल्ला : २०७४/०१/१३, धादिङ)
यसअघि प्रकाशित गरिएको सूचनाको विवरण : १) मिति २०८१/०५/१० को कान्तिपुर राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने २) मिति २०८१/०८/०७ को अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी २१ दिने
धितो सुरक्षण सम्बन्धी विवरण : निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

धनीको नाम	ठेगाना	सिट नं.	कित्ता नं.	क्षेत्रफल (व.मि.)
पार्वती पुलामी मगर	धादिङ जिल्ला बैरेनी वडा नं. ३	३ख	४२	१,२३०.०९

शर्त बन्देजहरु :

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात मिति २०८२/०५/०५ गते बिहीबार भित्र यस बैंकको शाखा कार्यालय सितापाईला आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४) बोलपत्र साथ आफुले बोलकबोल गरेको रकमको कम्तिमा १० प्रतिशत हुन आउने रकम धरौटी स्वरुप संस्थाको मुख्य कार्यालयमा रहेको खाता नं. ०१३-९२७७४१०१००५ मा बोलपत्र पेश गर्ने अन्तिम मितिसम्म जम्मा गरी सो को सक्कल भौचर वा सो बराबरको यस बैंकको नाममा खिचिएको पेश गर्ने अन्तिम मिति भित्रको Good For Payment Cheque संलग्न गर्नु पर्नेछ ।
५) प्राप्त बोलपत्रहरु मिति २०८२/०५/०६ गते शुक्रबार दिउसो ३:०० बजे यस बैंकको शाखा कार्यालय सितापाईलामा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
६) बोलपत्र खोलिने दिनमा सार्वजनिक बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।
८) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ ।
९) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"
मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999, Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

Road Division Pyuthan
Jaspur Pyuthan
Invitation for Bid No: 82/83-02
Invitation for Bids
Date of publication: 2082/04/22((2025/08/07)

Road Division, Pyuthan invites Open Competitive Bidding from eligible Nepali bidders for the construction of following works under **National Bidding (NCB) procedures.**

SN	Contract Number	Name of Works	Bid Security Amount (NRs)	Bid Document Price (NRs)	Required turnover (NRs.)	Required Bid Capacity (NRs.)
1	RDPTN/ 3373101134/ 82/83-08(RE)	Reactive works along Devisthan-Loharpani Road	38,000	1000	NA	NA
2	RDPTN/ 33701169/ 82/83-09	Road Upgrading Works along Chautara- Damti- Bhedabari- Tikhu-chuli Road	653,000	5,000	NRs.26.09 million	NRs.20.87 million
3	RDPTN/ 33701169/ 82/83-10	Road Upgrading works along Beluwa-Bijuwar-Damti Kutichaur-Ratatari-Chhatipata-Pidalne-Dhand	653,000	5,000	NRs.26.11 million	NRs.20.89 million
4	RDPTN/ 33701138/ 82/83-11	Rehabilitation works along Chakchak -Liwang -Darbot Road Section	512,000	5,000	NRs.20.45 million	NRs.16.36 million
5	RDPTN/ 33701138/ 82/83-12	Traffic safety works along the Chakchake -Madichaur (upto DB section) &Bhingri - Sworgadwari	125,000	3,000	NA	NA
6	RDPTN/ 33701138/ 82/83-13	Rehabilitation works along Ganaha-Chakchake Section (CH 41+1000 to 45+1000)	785,000	5,000	NRs.31.2 million	NRs.25 million
7	RDPTN/ 33701138/ 82/83-14	Roadway Improvement works along Bhaluwang- Devisthan section of Bhaluwang- Chakchake-Liwang Road	675,000	5,000	NRs.26.97 million	NRs.21.57 million

Purchase, Submission and Opening:

S. N.	Last Date of Bid Submission	Bid Opening Date, Time & place	Pre-Bid Meeting	Bid Validity Period	Bid Security Validity	Remarks
1	2025/09/07 (AD) 2082/05/22 (BS) up to 12:00 hours	2025/09/07 (AD) 2082/05/22 (BS) 13:00 hours , Road Division Pyuthan	2025/08/28 (AD) 2082/05/12 (BS) 13:00 hrs. at office address	90 days from bid submission due date	Minimum 30 days beyond bid validity period	NCB
2	2025/08/22(AD) 2082/05/06 (BS) up to 12:00 hours	2025/08/22(AD) 2082/05/06 (BS) up to 13:00 hours	Not Applicable	45 days from bid submission due date	Minimum 30 days beyond bid validity period	Sealed Quotation

Eligible Bidders may visit PPMO's website **www.bolpatra.gov.np/ppmo** e-procurement section for further information or contact **Road Division Pyuthan** at **Email:-drofficepyuthan@gmail.com**.

Division Chief